४९	कोहलपुर ०२ को ऋष्टी अटो पाटर्स देखी सालको बोट हुँदै सिटीभिटी कार्यालय सम्म बाटो ग्राभेल आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०२	४००,०००.०	
५०	वडा नं. ५ को विभिन्न ठाउँमा बाटो मर्मत /ग्राभेल - आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०५	३७०,०००.०	
५१	सुमित्रा थारु कोभिड भत्ता-आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	३०,०००.०	
५२	सिमा वलि कोभिड भत्ता-आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	४०,०००.०	
५३	ललित रेग्मी प्राविधिक भत्ता आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	१८,०००.०	
५४	वडा नं ११ लोक नगरमा १२ थान ह्युम पाईप जडान आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-११	३००,०००.०	
५५	गाडी सर्भिसिङ-आ.व.२०७७/०७८को भुक्तानी दिन बाँकी	नगरपालिका	३,९००.०	
५६	राजकमल ईन्टरप्राईजेज -आ.व.२०७७/०७८को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	३०,८६५.०	
५७	होट सिटी प्लाजा रेष्टुरेन्ट तथा लज आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	१९४,०००.०	
५८	होटल म्याक्स आ,व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	३७,२३३.०	
५९	जनता मा.वि मैटवा अधुरो २ कोठे भवन निर्माण आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०३	५००,०००.०	
६०	वडा नं ९ को विभिन्न बाटो ग्राभेल आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०९	४०८,८३४.०	
६१	अप्सरा रानाको घर देखि पश्चिम लक्ष्मी बमको घर तर्फ बाटो पिसिसी आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-११	४३०,०००.०	
६२	जनज्ञान ज्योति मा.वि. भवन आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०१	८७३,०००.०	
६३	छाडा चौपायाको लागि पराल तथा पशु आहार खरिद वापत कुल बहादुर भट्टराईलाई भुक्तानी दिनुपर्ने दायित्व -आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	१५०,०००.०	
६४	नगर सभाको बैठक भत्ता- आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका	५००,०००.०	
६५	सिदार्थ आ.वि. भवन निर्माण उपभोगता समिति आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०५	१,१००,०००.०	
६६	कृष्णनगर टोल बाटो ग्राभेल-डिग्रेसाई कन्ट्रक्सन प्रा.लि. आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	कोहलपुर-०२	४००,०००.०	

लट बहादुर रावत
नगर प्रमुख

६७	फ्रन्टलाईन नेपाल प्रा. लि. आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकी दायित्व	नगरपालिका,	८८५,४००.०	
	उप-जम्मा		२३,०५३,२०३.०	

निर्णय नं. २२

यस नगरपालिकाको कार्य सम्पादन नियमित गर्न नगर सभावाट पारित भएका आर्थिक तथा प्रशासनीक ऐन नियमहरु, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, प्रदेश तथा नेपाल सरकारबाट समय-समयमा भएका कानुनी र नीतिगत व्यवस्था तथा निर्देशनहरु समेतको अधिनमा रही अर्को नगरसभा सम्मका लागि यस सभामा रहेको निम्न अनुसारको अधिकारहरु नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

तपसिल :

१.नगरपालिकालाई प्राप्त हुने केन्द्रीय अनुदान लगायतका अन्य स्रोतहरुबाट प्राप्त हुने थप बजेट तथा कार्यक्रम अनुसार योजना छनौट, संशोधन एवम वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

२. नगरपालिका अन्तरगतका अन्य कार्यक्रम र आयोजनाहरुको वार्षिक कार्यक्रम संशोधन र परिमार्जन गर्ने ।

३. नगरपालिका अन्तरगत चालू तथा पूँजिगत खर्चको बिनियोजित रकम सम्बन्धित क्षेत्रमा प्रदान गर्न स्वीकृत गर्ने ।

४.नगरपालिकावाट लगाइने कर, दस्तुर, शुल्क तथा बिक्री आदिको दर र ठेक्का अङ्क रकम स्वीकृत, संशोधन तथा परिमार्जन गर्ने ।

५. नगरपालिकाको कार्यसम्पादनका सिलसिलामा आवश्यक पर्ने अन्य प्रशासनिक अधिकारहरु प्रयोग गर्ने ।

६. सडक बोर्ड, स्थानीय पूर्वाधार साझोदारी कार्यक्रम, नगर विकास कोष तथा अन्य विषयगत निकायहरुवाट प्राप्त हुने योजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाले अनुमोदन गर्ने ।

७. यस नगरपालिकाको विशेष कोष अन्तरगत रहेका कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष, गरिबी निवारण तथा सामाजिक परिचालन कोष, विपद् व्यवस्थापन कोष, स्वास्थ्य तथा सामुदायिक कोष, महिला तथा बालबालिका कोष लगायतका विशेष कोषहरुको कार्यक्रम तथा बजेट बनाई स्वीकृत गर्ने ।

८. नगर सभावाट स्वीकृत वार्षिक बजेटभित्र परेका बाहेकका अन्य आयोजना तथा कार्यक्रमहरु दातृ निकाय, प्रदेश सरकार तथा सङ्घी सरकारसँग माग तथा सम्झौता गर्ने ।

९. नगर कार्यपालिका तथा कार्यालयका लागि आवश्यक प्रशासनीक तथा अन्य नीतिगत निर्णय गर्ने र कोभिड:१९ रोगको संक्रमण नियन्त्रण र रोकथाम गर्न, प्रभावित नागरिकहरुलाई राहत, पुर्नस्थापना, उपचार लगायतका अन्य व्यवस्थापकीय कार्य गर्न नपुग हुने बजेट रकमान्तरण र व्यवस्थापन गर्ने ।

निर्णय नं.२३

कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ मा न्यायिक समितिवाट भएका कामहरुको प्रतिवेदन न्यायिक समितिका संयोजक तथा नगर-उपप्रमुख श्री सञ्जु कुमारी थारुज्यूवाट पेश भयो र उक्त प्रतिवेदन उपर छलफल गरी गरी नगरसभासदज्यूहरुवाट प्राप्त राय, सल्लाह र सुझावहरुलाई समावेश गरी अनुमोदन गर्ने निर्णय गरियो । साथै न्यायिक समितिको कामलाई अझै व्यवस्थित, पारदर्शी र छिटो छरितो रुपमा सम्पादन गर्नका लागि न्यायिक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२४

नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम न्यायिक समितिलाई आवश्यक पर्ने कानूनी सेवा र परामर्शका लागि कानुन व्यवसायीको आवश्यकता भएको हुँदा नगरपालिकामा कानुन अधिकृतको पदपुर्ती नहुन्जेल सम्मका लागि आवश्यकताका आधारमा कानुनी सल्लाहकारको सेवा, परामर्श सेवा मार्फत लिने निर्णय गरियो ।

लुट बहादुर थारु
नगर प्रमुख

कोहलपुर नगरपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.२५

यस नगरपालिका क्षेत्रभित्र भवन मापदण्ड संहिता, २०७२ भन्दा अगाडि निर्माण भएका, हाल सडकको क्षेत्राधिकार भित्र पर्ने भवनहरुको हकमा घरधनीले सडकले कुनै पनि समयमा खाली गराउन चाहेको बखत हटाउन मन्जुर हुने सर्तमा त्यस्ता भवनको घरनक्सा र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू हुनुभन्दा अगाडि निर्माण गरेका र प्रचलित मापदण्डबमोजिम भएका तर कोहलपुर नगरपालिकामा नक्शा पास नभई निर्माण गरेका घरहरुको मिति २०७९ साल असाढ मसान्तसम्म सार्वजनिक सूचना प्रकाशन गरी " स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-०७ को दफा ४२ को (घ) को " व्यवस्था अनुरुप राजश्व लिई अभिलेखीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

कोहलपुर नगरपालिकाको भवन मापदण्ड अनुसार नक्शा पेस गरी डि.पि.सि.तथा डि.पि.सि. र सुपरस्ट्रक्चर दुवैको निर्माण इजाजत प्राप्त गरे पश्चात सुपरस्ट्रक्चरको इजाजत लिने वा दुवैको इजाजत लिएकालाई निर्माण सम्पन्न प्रमाणपत्र दिने अवस्थामा आइपुग्दा यस नगरपालिकाको भवन मापदण्ड, २०७२ अनुरुप नभई निर्माण सम्पन्न प्रमाणपत्र दिन नसकिएका भवनहरुको लागि सूचना प्रकाशित भएको मितिले २०७९ असार मसान्त दिनभित्र दर्ता हुन आएकाको हकमा एक पटकका लागि "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-०७ को दफा ४२ को (घ) को " व्यवस्था अनुरुप राजश्व लिई अभिलेखीकरणको प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२७

आ.व.२०७८/०७९ का लागि सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट सशर्ततर्फ प्राप्त भएको बजेट तथा कार्यक्रम सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट कार्यक्रम तथा क्रियाकलापहरुको सञ्चालन गर्न तोकिएको निर्देशिका, मापदण्ड, कार्यविधि वा निर्देशन बमोजिम सञ्चालन वा बजेट खर्च गर्ने गरी सशर्ततर्फको बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

आ.व.२०७८/०७९ का लागि वडासमितिबाट माग भै आएका तर नगरपालिकाको स्रोतबाट सञ्चालन गर्न नसक्ने प्रकृतिका र ठुलो लगानी आवश्यक पर्ने योजना तथा कार्यक्रमहरुलाई नगरपालिकाको योजना बैंकमा राखी प्राथमिकताका आधारमा प्रदेश सरकार र सङ्घीय सरकारमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२९

नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा व्यवस्था गरिएका स्थानीय तहका अधिकार क्षेत्र अन्तर्गतका विषयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगर सभाले पारित गरेका विषयगत ऐन, नियम, कार्यविधि/ निर्देशिका / नियमावली / मापदण्डबमोजिम कृषि, शिक्षा, स्वास्थ्य, सहकारी, पशु विकास, महिला विकास लगायतका क्षेत्रमा सञ्चालन हुने सबै प्रकारका योजना/ कार्यक्रम/ बजेट र संघ/संस्था को दर्ता / नवीकरण / नियमन गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो । यसका लागि थप बन्नु पर्ने ऐन, नियम, निर्देशिका, नियमावलि, कार्यविधिहरु यथाशिघ्र तयार गर्ने र बनेका ऐन, नियम, निर्देशिका, नियमावली, कार्यविधिहरुलाई आवश्यकता अनुसार संशोधन तथा अध्यावधिक गर्न सम्बन्धित विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३०

कोहलपुर नगरपालिकाका क्षेत्र, आसपासका छिमेकी गाउँपालिका र अन्तरजिल्लाहरु समेतको विकास तथा आर्थिक सामाजिक रुपान्तरणमा उल्लेख्य भूमिका खेल्ने तर यस नगरपालिकाको स्रोत साधनबाट सम्पन्न गर्न नसकिने, बढी लागत लाग्ने र महत्वपूर्ण प्रकृतिका नगरपालिकामार्फत् यस नगरसभा समक्ष पेश भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्दै संघ तथा प्रदेश सरकार, सडक बोर्ड लगायत अन्य सम्बन्धित निकायसँग माग गर्ने निर्णय गरीयो ।

लुट बहादुर रावत
नगर प्रमुख

निर्णय नं.३१

यस नगरपालिकाको आ.व.२०७७/०७८ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि ठेक्का सम्झौता भएका तपसिल बमोजिमका योजनाहरु कोभिड-१९को दोस्रो लहरको रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी तथा निषेधाज्ञाका कारणले समयमा नै कार्य सम्पन्न हुन नसकेको हुँदा देहाय बमोजिमका योजनाहरुलाई आ.व.२०७८/०७९ मा क्रमागत योजनाको रुपमा राखी आवश्यक बजेटको व्यवस्था गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

आ.व.२०७७/०७८ मा ठेक्का वापतको भुक्तानी दिनुपर्ने बाँकी दायित्व रहेका योजनाहरु				
क्र.स.	कार्यक्रम/योजनाको बिबरण	कार्यन्वयन भएको स्थान	बजेट रकम	कैफियत
१	७ नं वडामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण रूक्षमङ्ग १	BANKE/KOMUN/W/NCB-41	३,४९४,७००.०	
२	१२ नं वडामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण रूक्षमङ्ग १	BANKE/KOMUN/W/NCB-43	२,८३८,६४८.०	
	जम्मा		६,३३३,३४८.०	

निर्णय नं.३२

यस नगरपालिकालाई आ.व.२०७७/०७८ मा यस नगरपालिकालाई सङ्घीय सरकार समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान अन्तर्गत प्राप्त भएको ठेक्का सम्झौता भै निर्माणको अन्तिम चरणमा रहेका तपसिल बमोजिमका योजनाहरु कोभिड-१९को दोस्रो लहरको रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी तथा निषेधाज्ञाका कारणले अन्तिम कार्य सम्पन्न हुन नसकेको हुँदा देहाय बमोजिमका योजनाहरुलाई आगामी आ.व.२०७८/०७९ मा क्रमागत योजनाको रुपमा राखी आवश्यक बजेटको व्यवस्था गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

१. सङ्घीय सरकार विशेष अनुदान र सशर्त अनुदान अन्तर्गत आ.व.२०७७/०७८ मा ठेक्का सम्झौता भै सञ्चालनमा रहेका योजनहरुको भुक्तानी दिनुपर्ने बाँकी दायित्व

क्र.स.	कार्यक्रम/योजनाको बिबरण	कार्यन्वयन भएको स्थान	बजेट रकम	कैफियत
१	सिकेल सेल एनिमिया प्रयोगशाला निर्माण कार्य	BANKE/KOMUN/W/NCB-45	900,715.0	विशेष अनुदान
२	त्रिभुवन मा.वि विद्यालय भवन निर्माण	BANKE/KOMUN/W/NCB 28	272,645.0	सशर्त अनुदान
३	जनता मा.वि मैटवा भवन निर्माण	BANKE/KOMUN/W/NCB -03/2077/78	3,124,452.0	विशेष अनुदान
४	जन ज्ञानज्योति मा.वि भवन निर्माण	BANKE/KOMUN/W/NCB -04/2077/78	1,504,906.0	विशेष अनुदान
	जम्मा		५८,०२,७१८।-	

निर्णय नं.३३

यस नगरपालिकालाई चालु आ.व.२०७७/०७८ मा यस नगरपालिकालाई लुम्बिनी प्रदेश सरकार समपूरक अनुदान अन्तर्गत प्राप्त भै निर्माणको अन्तिम चरणमा रहेका तपसिलबमोजिमका योजनाहरु कोभिड-१९ को दोस्रो लहरको रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी तथा निषेधाज्ञाका कारणले अन्तिम कार्य सम्पन्न हुन नसकेको हुँदा देहाय बमोजिमका

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
लै.ब. बहादुर रावत नगर प्रमुख

योजनाहरुलाई आगामी आ.व.२०७८/०७९ मा क्रमागत योजनाको रुपमा आवश्यक बजेटको व्यवस्था गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

१. लुम्बिनी प्रदेश सरकार समपूरक अनुदान अन्तर्गत आ.व.२०७७/०७८ मा ठेक्का सम्झौता भै सञ्चालनमा रहेका योजनहरुको भुक्तानी दिनुपर्ने बाँकी दायित्व ।

क्र.स.	कार्यक्रम/योजनाको बिबरण	कार्यन्वयन हुने स्थान	वार्षिक बिनियोजन	कैफियत
१	हवलदारपुर त्रिवेणी मोडदेखि खानेपानी ट्याङ्की हुदै खजुरा गा.पा.को सिमानासम्म नालीसहित कालोपत्रे	BANKE/KOMUN/W/NCB - 05/2077/78	२,३३१,२६९.०	
२	प्रगतिनगर दुर्गामन्दिर चोकदेखि दक्षिण पश्चिम स्कुल हुदै रझेना जाने बाटो नालिसहित कालोपत्रे	BANKE/KOMUN/W/NCB - 06/2077/78	३,४९०,८९१.०	
३	महेन्द्र राजमागदेखि ५ नं वडा कार्यलय जाने बाटो नालिसहित कालोपत्रे	BANKE/KOMUN/W/NCB - 07/2077/78	१,४०४,१६०.०	
४	रातीनगर, सुन्दरनगर सडक कालोपत्रे	BANKE/KOMUN/W/NCB - 08/2077/78	४,१७९,६४५.०	
५	सिद्धार्थनगरदेखि लक्ष्मी मा.वि सडक निर्माण	BANKE/KOMUN/W/NCB - 09/2077/78	२,९५१,४८३.०	
४	सिद्धार्थनगरदेखि लक्ष्मी मा.वि सडक निर्माण दोश्रो खण्ड	BANKE/KOMUN/W/NCB - 16/2077/78	१,९२८,४७४.०	
	जम्मा		१,६२,८५,८४२.०	

निर्णय नं. ३४

कोहलपुर नगरपालिका वडा नं.१३ नं.वडाको भरैया नाला र वडा नं.०७ स्थित डुडुवा नालामा कृषि कार्य लगायत अन्य काममा मानिसहरुको आवात जावतमा सहजता ल्याउन झोलुङ्गे पुल निर्माण गर्नुपर्ने आवश्यकता भएको र नगरपालिकालाई प्राप्त भएको श्रोतबाट पुल निर्माणको कार्य गर्न नसकिने अवस्था रहेकाले "स्थानीय पूर्वाधार विकास (डोली)" अन्तर्गतको झोलुङ्गे पुल निर्माण आयोजनासँग झोलुङ्गे पुल निर्माण गर्नका लागि योजना माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ को ०१ श्रावण २०७६ देखि ३० अषाढ २०७८ सम्म तपसिल बमोजिमको शर्सत तथा निर्शत तर्फको आय व्ययलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

१. एकीकृत आयको बिबरण

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१

आय

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	मौज्दात	कैफियत
सङ्घीय सरकार	६१९,०४९,९५०.०	६१०,१८३,२६०.३	(८,८६६,६८९.७)	
१३३११ समानीकरण अनुदान	१८६,९००,०००.०	१८६,९००,०००.०	-	
१३३१२ शसर्त अनुदान चालु	३८३,१४९,९५०.०	३८३,१४९,९५०.०	०.०	
१३३१४ विषेश अनुदान चालु	३७,५००,०००.०	३१,६६६,६६६.३	(५,८३३,३३३.७)	
१३३१९ समपूरक अनुदान चालु	११,५००,०००.०	८,४६६,६४४.०	(३,०३३,३५६.०)	
प्रदेश सरकार	७३,९३९,०००.०	६८,९३९,०००.०	(५,०००,०००.०)	

१३३१२ शर्सत अनुदान चालु	४०,८५०,०००.०	४०,८५०,०००.०	-	
१३३१४ विषेश अनुदान चालु	७,०००,०००.०	७,०००,०००.०	-	
१३३१६ समपूरक अनुदान चालु	२०,०००,०००.०	१५,०००,०००.०	(५,०००,०००.०)	
राजस्व बाडफाड	२१९,५७१,५१०.०	२५८,४१४,३१४.९	३८,८४२,८०४.९	
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	८०,०००,०००.०	११३,९४६,९०४.८	३३,९४६,९०४.८	
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	१२३,१९६,५१०.०	१२०,२३३,४५८.९	(२,९६३,०५१.१)	
११४५६ बाँडफाँटवाट प्राप्त हुने सवारी साधन कर	१६,३७२,०००.०	२२,५२६,००७.७	६,१५१,००७.७	
१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	-	१,७०७,९४३.६	१,७०७,९४३.६	
अन्तरिक श्रोत	९६,८७८,८४२.०	६७,१६६,४१३.५	(२९,७१२,४२८.५)	
११३१३ एकीकृत सम्पती कर	१५,०००,०००.०	९,१५८,५२८.२	(५,८४१,४७१.८)	
११३१४ भुमिकर/मालपोत	२०,०००,०००.०	११,९९३,९६४.०	(८,३०६,०३६.०)	
११३२१ घरवहाल कर	६,५००,०००.०	८,७०३,१३५.२	२,२०३,१३५.२	
११३२२ वहाल विटौरी कर	१४,४००,०००.०	८,२८९,३३९.०	(६,११०,६६१.०)	
११४५१ सवारी साधन कर (साना सवारी)	२५०,०००.०	-	(२५०,०००.०)	
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१५०,०००.०	-	(१५०,०००.०)	
११४७९ अन्य मनोरञ्जन कर	१००,०००.०	-	(१००,०००.०)	
१४१५१ सरकारी सम्पत्तीको वहालवाट प्राप्त आय	२५०,०००.०	-	(२५०,०००.०)	
१४२१३ अन्य विक्रीवाट प्राप्त रकम	२५०,०००.०	३७१,७१०.०	१२१,७१०.०	
१४२४२ नक्सापास दस्तुर	१२,५००,०००.०	१५,६२३,९९५.७	३,१२३,९९५.७	
१४२४३ सिफारिश दस्तुर	७,५००,०००.०	४,८६५,४१०.५	(२,६३४,५८९.६)	
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४५०,०००.०	१६८,०००.०	(२८२,०००.०)	
१४२४५ नाता प्रमाणित दस्तुर	१७८,८४२.०	१५२,३४२.५	(२६,४९९.५)	
१४२४९ अन्य दस्तुर	२,०००,०००.०	३,०९१,७६५.५	१,०९१,७६५.५	
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	७,५००,०००.०	४,२८५,७९०.०	(३,२१४,२१०.०)	
१४२६५ अन्य क्षेत्रको आय	३,०००,०००.०	२,०००.०	(२,९९८,०००.०)	
१४३११ न्यायिक दण्ड जरिवाना र जफत	५०,०००.०	-	(५०,०००.०)	
१४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत	५००,०००.०	७०२,६२८.०	२०२,६२८.०	
१४५२१ प्रदुषण नियन्त्रण शुल्क	१००,०००.०	-	(१००,०००.०)	
१४५२९ अन्य राजस्व	६,२००,०००.०	५७,८०५.०	(६,१४२,१९५.०)	
अन्य	१५१,८६७,९७५.०	१५०,९२६,१३३.०	(९४१,८४१.०)	

लूट बहादुर रावत
नगर प्रमुख

लूट बहादुर रावत
नगर प्रमुख

पश्चिमी प्रदेश, नेपाल

१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	४१,८६७,९७४.०	२४,७३८,९७४.०	(१६,१००,०००.०)	जि.स.स अनुदान
३२१२२ बैंक मौज्दात	११०,०००,०००.०	१२६,१८७,१५९.०	१६,१८७,१५९.०	
जम्मा	१,१६१,३०७,२७६.०	१,१५५,६२९,१२१.७	(५,६७८,१५४.३)	
सङ्घीय सरकार प्रदेश सरकाको आ.ब.२०७६/०७७ खर्च गर्न बाँकी रकम राजस्व खातामा दाखिला			८३,०८०,०४६.०	

२.एकीकृत व्ययको बिबरण

आ.व. २०७७/०७८

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)	मौज्दात
चालु	५६,२८,६०,७४७	४७,११,७१,५२३.९२	८३.७१	९,१६,८९,२२३.०८
२११११ पारिश्रमिक कर्मचारी	२०,११,९९,२७०	१९,७१,३५,०८८	९७.९८	४०,६४,१८२
२११११ पारिश्रमिक पदाधिकारी	४,५०,०००	२,४८,८६०	५५.३	२,०१,१४०
२११२१ पोशाक	१६,२०,०००	११,००,०००	६७.९	५,२०,०००
२११३२ महंगी भत्ता	२५,००,०००	२०,३४,०००	८१.३६	४,६६,०००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	३६,२५,०००	३०,५४,१५३	८४.२५	५,७०,८४७
२११३९ अन्य भत्ता	१.१२,५९,९५०	५३,७२,७५०	४७.७२	५८,८७,२००
२११४१ पदाधिकारी बैठक भत्ता	२,०५,०००	२,०५,०००	१००	०
२११४२ पदाधिकारीअन्य सुबिधा	१,९२,००,०००	१,८८,१३,९८९	९७.९९	३,८६,०११
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	७,६६,०००	३,७३,१६४	४८.७२	३,९२,८३६
२१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	१०,००,०००	०	०	१०,००,०००
२१२१४ कर्मचारी कल्याण कोष	४०,००,०००	४०,००,०००	१००	०
२२१११ पानी तथा बिजुली	२९,५०,०००	२९,५०,०००	१००	०
२२११२ सञ्चार महसुल	१८,५७,०००	८,६८,४४३	४६.७७	९,८८,५५७
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	३१,००,०००	२७,६३,५९६	८९.१५	३,३६,४०४
२२२१३ सवारी साधन मर्मत खर्च	२०,३७,७७७	१३,००,०७१	६३.८	७,३७,७०६
२२२१४ बिमा तथा नवीकरण खर्च	४,००,०००	३,७६,३२०,७७	९४.०८	२३,६७९.२३
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	६,१०,०००	१,४२,५१६	२३.३६	४,६७,४८४
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	०	०	०	०
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	१,०८,०५,०००	१,०१,७०,४८८	९४.१३	६,३४,५१२
२२३१३ पुस्तक तथा सामग्री खर्च	८२,३९,०००	८२,१७,५४५	९९.७४	२१,४५५
२२३१४ इन्धन - अन्य प्रयोजन	५,००,०००	८७,५००	१७.५	४,१२,५००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना	५७,७३,[illegible]	५४,९९,२८२.६०	[illegible]९	३,६४,४१८.४०

प्रकाशन खर्च				
२२३१९ अन्य कार्यालय सञ्चालन खर्च	१,४१,१६,०००	१,३३,७६,१५५.७८	९४.७६	७,३९,८४४.३०
२२४११ सेवा र परामर्श खर्च	१,३१,८३,०००	१,२१,१९,०००	९१.९३	१०,६४,०००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च	१५,२६,०००	११,४५,०२९	७५.०३	३,८०,९७१
२२४१३ करार सेवा शुल्क	१,५४,००,०००	१,५१,७३,४१६	९८.५३	२,२६,५८४
२२४१४ सरसफाईसेवा शुल्क	८,००,०००	३,६१,८७५	४५.२३	४,३८,१२५
२२४१९ अन्य सेवा शुल्क	८२,००,०००	७२,९२,३१८	८८.९३	९,०७,६८२
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२९,८७,०००	१४,२७,६२३	४७.७९	१५,५९,३७७
२२५२२ कार्यक्रम खर्च	८,८१,३५,०००	४,७२,७६,५८५	५३.६४	४,०८,५८,४१५
२२५२९ विविध कार्यक्रम खर्च	८,७४,२६,०२०	६,७६,८५,२१७	७७.४२	१,९७,४०,८०३
२२६११ अनुगमन, मूल्यांकन खर्च	२८,८५,०००	२३,२६,३००	८०.६३	५,५८,७००
२२६१२ भ्रमण खर्च	६,५०,०००	२,४३,१७०	३७.४	४,०६,८३०
२२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	०	०	०	०
२२७११ विविध खर्च	१,७५,२६,९०९	१,६४,५७,०४०.८५	९३.९	१०,६९,८६८.१५
२२७२१ सभा सञ्चालन खर्च	५,२३,१२०	४,०३,३५४	७७.११	१,१९,७६६
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	१,००,९१,०००	९८,१२,४३७	९७.२४	२,७८,५६३
२६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान	१,००,०००	०	०	१,००,०००
२७१११ सामाजिक सुरक्षा	२,००,०००	०	०	२,००,०००
२७२११ छात्रवृत्ति	२८,९९,०००	२५,२२,०००	८७	३,७७,०००
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	१६,००,०००	१५,८५,०००	९९.०६	१५,०००
२७२१३ औषधी खरिद खर्च	७३,१५,०००	३६,२८,१५७	४९.६	३६,८६,८४३
२७२१९ अन्य सामाजिक सहायता	१५,००,०००	१२,०६,५२१	८०.४३	२,९३,४७९
२८१४२ घरभाडा	२५,००,०००	२२,७२,५५९	९०.९	२,२७,४४१
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	८,००,०००	०	०	८,००,०००
२८१४९ अन्य भाडा	४,००,०००	२,३५,०००	५८.७५	१,६५,०००
२८९११ भैपरी आउने चालु खर्च	०	०	०	०
पूंजीगत	५९,८४,४६,५२९	४५,३३,११,३३०.५७	७५.७५	१४,५१,३५,१९८.४३
३११११ आवासीय भवन निर्माण/खरिद	३९,०९,०००	१,००,३१९	२.५७	३८,०८,६८१
३११११ गैर आवासीय भवन निर्माण/खरिद	५,१२,२५,४२५	३,५०,४३,६५४.०२	६८.४१	१,६१,८१,७७०.९८
३११११ निर्मित भवनको संरचनात्मक सुधार खर्च	६,९५,४३७	४,९९,०३८	७१.७६	१,९६,३९९
३११११४ जग्गा विकास कार्य	३६,००,०००	२४,५८,६८७	६८.३	११,४१,३१३
३११२१ सवारी साधन	१४,५०,०००	१०,२८,८१३	७२.३४	३१,६७,१८७

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, नेपाल

लुट बहादुर रावत नगर प्रमुख

लुट बहादुर रावत नगर प्रमुख

३११२२ मेशिनरी तथा औजार	५८,४४,०००	२,२९८	७६.८७	१३,५१,७०२
३११२३ फर्निचर तथा फिक्चर्स	३०,९४,०००	२१,४२,९९७	६९.२६	९,५१,००३
३११३१ पशुधन तथा वागवानी विकास खर्च	५७,७३,०००	५३,२६,६५५	९२.२७	४,४६,३४५
३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च	४८,८६,०००	४५,९०,५८४	९३.९५	२,९५,४१६
३११३५ पूँजीमत परामर्श खर्च	५,००,०००	०	०	५,००,०००
३११५१ सडक तथा पूल निर्माण	१६,०३,१९,६२७	११,८७,५२,६७०.६५	७४.०६	४,१५,६६,९५६.३५
३११५३ विद्युत संरचना निर्माण	२९,८८,३७६	२७,२०,८६८	९१.०५	२,६७,५०८
३११५४ तटबन्ध तथा बाँधनिर्माण	९५,००,०००	४८,००,०००	५०.५३	४७,००,०००
३११५५ सिंचाई संरचना निर्माण	४०,०६,९१३	३७,५६,०९९	९३.७४	२,५०,८१४
३११५६ खानेपानी संरचना निर्माण	१,५३,८६,३९४	१,१०,६५,२४५	७१.९२	४३,२१,१४९
३११५७ वन तथा वातावरण संरक्षण	७८,२६,१५८	७१,००,९९५	९०.७३	७,२५,१६३
३११५८ सरसफाई संरचना निर्माण	२,७९,८३,५१३	२,५६,१२,३४३	९१.५३	२३,७१,१७०
३११५९ अन्य सार्वजनिक निर्माण	२५,६६,३८,६८६	१९,४५,९०,२०९.९०	७५.८१	६,२०,४८,४७६.१०
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	१९,७०,०००	११,३६,८८२	५७.७१	८,३३,११८
३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	२,०८,५०,०००	२,०८,३८,९७३	९९.९५	११,०२७
३१५११ भैपरी आउने पूँजीगत	०	०	०	०
जम्मा	१,१६,१३,०७,२७६	९२,४४,८२,८५४.४९	७९.६	२३,६८,२४,४२१.५१

निर्णय नं. ३६

कोहलपुर नगरपालिका क्षेत्रभित्र थारु तथा दलित समुदायको कला, संस्कृति, परम्परा जगेर्ना गर्न थारु तथा दलित सांस्कृतिक संग्राहलय निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गर्न प्रदेश तथा नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

कोहलपुर नगरपालिकावाट सञ्चालन हुने सवै प्रकारका योजना तथा कार्यक्रमहरुको गुणस्तरलाई सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कनको कार्यलाई सवल र प्रभावकारी बनाउने तेस्रो पक्ष मुल्याङ्कनलाई समेत परिचालन गर्ने निर्णय गरियो । विगतका अनुगमनवाट देखिएको कमी कमजोरीहरुलाई पृष्ठपोषणका रुपमा लिई निर्धारित समय र बजेटभित्रै गुणस्तरीय रुपमा योजना र कार्यक्रम सम्पन्न हुने गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिका र जिम्मेवार पदाधीकारीहरुलाई निर्देश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३८

नगरपालिकावाट सम्पादन हुने सवै प्रकारका कार्यहरुको सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक वडापत्र, गुनासो वा सुझाव पेटिकाको व्यवस्था, सुचनाको हकको समुचित व्यवस्थापन, सुचना प्रविधि (वेव साइट, मोवाइल एप्स जस्ता) को प्रयोग, टोल फ्री नम्बर, हेलो मेयर, उपमेयरसँग आज कार्यक्रम सञ्चालन, जनतासँग स्थानीय सरकार, स्थानीय सञ्चार माध्यामवाट नियमित सुचना सम्प्रेषण, गुनासो सुनुवाईको व्यवस्था जस्ता कार्यलाई प्राथमिकताका साथ प्रयोगमा ल्याई सुशासन एवं पारदर्शिता कायम गर्ने निर्णय गरीयो ।

लुटु बहादुर रावत
नगर प्रमुख

निर्णय नं. ३९

" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ " बमोजिम नगरपालिका क्षेत्रमा विकास आयोजनाहरु सञ्चालन गर्नका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको नगरस्तरीय न्यूनतम दररेट निर्धारण निर्धारण गरी लागू गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४०

यस नगरपालिकाको आ.व.२०७८/०७९को लागि नगर कार्यपालिकाको कार्यालयले आफ्नो नियमित, प्रशासनिक तथा स्वीकृत कार्यक्रम, क्रियाकलाप तथा सेवा सञ्चालन गर्दा विभिन्न काम तथा क्रियाकलापहरुका शीर्षकहरुका बजेट तथा रकम खर्च गर्दा निम्न तालिकामा भए अनुसारको खर्चको मापदण्ड (norms) स्वीकृत गर्ने निर्णय गरियो ।

१. बैठक भत्ता

क्र.स.	विवरण	दर	सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरु	कैफियत
१	नगरसभा बैठक भत्ता-प्रति बैठक/ प्रति दिन	रु.१,०००।-	नगर सभाका सभा अध्यक्ष, उपाध्यक्ष र सभासद तथा सहयोगी कर्मचारीहरु ।	
२	नगरकार्यपालिका बैठक भत्ता-प्रति बैठक/ प्रति	रु.१,०००।-	अध्यक्ष, कार्यपालिका सदस्य, सदस्य सचीव तथा सहयोगी कर्मचारी ।	
३	वडा समितिको बैठक भत्ता - प्रति बैठक/ प्रति दिन	रु.१,०००।-		
४	विषयगत समिति, कार्यदल तथा अन्य बैठक भत्ता-प्रति प्रति बैठक/प्रति दिन	रु.१,०००।-	नगर प्रमुख, उप प्रमुख, कार्यपालिका सदस्य, विषयगत समितिका संयोजक, विषयगत समितिका सदस्यहरु आमन्त्रित अन्य निकायका पदाधिकारीहरु र बैठकमा सहभागि कर्मचारी ।	
५	कर्मचारी बैठक, मूल्याङ्कन समिति लगायत विविध बैठक	रु.१,०००।-	कर्मचारी भर्ना छनौट, मुल्याङ्कन समितिको बैठकलगायत अन्य विविध बैठकमा सहभागि हुने जनप्रतिनिधि, कर्मचारी र आमन्त्रित विषय विज्ञ ।	

२. तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण, अन्तरक्रिया लगायत अन्य कार्यक्रमहरु र प्रदान गरिने सेवा सुविधाहरु

क्र.सं.	विवरण	दर	सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरु	कैफियत
१	कार्यक्रम संयोक भत्ता प्रति दिन -प्रति कार्यक्रम	रु.१,०००।-	एक जना कार्यक्रम संयोजन गर्ने कर्मचारी	
२	सहयोगी भत्ता प्रति कार्यक्रम वा प्रतिदिन	रु. ५००।-	एक जना सहयोगी कर्मचारी मात्र	
३	मुख्यप्रशिक्षक / सहजकर्ता / प्रति सत्र - तालिम कुनै स्पष्ट विषय केन्द्रित भएको हुनुपर्ने छ । तालिम सत्र कम्तिमा १:३० घण्टा अवधिको हुनु पर्नेछ ।	रु. १,०००।-		

लुट बहादुर रावत
नगर प्रमुख

कोल्हपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

४	कार्यपत्र तयारी पारिश्रमिक			
४.१	स्थानीय व्यक्ति / विज्ञ प्रति कार्यपत्र	रु.१,०००।-	कार्यपत्र कुनै स्पष्ट विषय वस्तुमा आधारित तथा कम्तिमा १५०० शब्दको हुनु पर्नेछ ।	
४.२	कार्यपत्र भत्ता जिल्ला तथा राष्ट्रिय स्तरको	रु.२,५००।- देखि बढीमा रु.४,०००।-	कार्यपत्र कुनै स्पष्ट विषय वस्तुमा आधारित तथा कम्तिमा १५०० शब्दको हुनु पर्नेछ	
५	प्रशिक्षक भत्ता			
५.१	आन्तरिक प्रशिक्षक भत्ता, मुख्य प्रशिक्षक/ सहजकर्ता/ प्रति सत्र	रु. १,५००।-	तालिम कुनै स्पष्ट विषय केन्द्रित भएको हुनुपर्ने छ । तालिम सत्र कम्तिमा १:३० घण्टा अवधिको	
५.२	सहायक प्रशिक्षक/ सहजकर्ता प्रति दिन / प्रति सत्र	रु.१,०००।-	तालिम कुनै स्पष्ट विषय केन्द्रित भएको हुनुपर्ने छ । तालिम सत्र कम्तिमा १:३० घण्टा अवधिको हुनु पर्नेछ ।	
५.३	विषय विशेषज्ञ/ राष्ट्रिय स्तरका मुख्य प्रशिक्षक / प्रतिदिन/ प्रति सत्र	रु. ५०००।- देखि रु. १०,०००।- सम्म	कम्तीमा स्नातकोत्तर, एम.फिल., पि.एच.डी. वा सो सरहको शैक्षिक योग्यता भएको सम्बन्धित विषयमा कम्तीम ७ वर्षको कार्यअनुभव भएको हुनु पर्ने	
५.४	विषय विशेषज्ञ/ राष्ट्रिय स्तरका सहायक प्रशिक्षक/ प्रतिदिन/ प्रति सत्र	रु. ३,०००।- देखि रु. ७,५००।- सम्म	कम्तीमा स्नातक, एम.फिल., पि.एच.डी. वा सो सरहको शैक्षिक योग्यता भएको सम्बन्धित विषयमा कम्तीम ५ वर्षको कार्यअनुभव भएको हुनु पर्ने	
५.५	प्रशिक्षक वा विज्ञबाट तालिम सत्रको समीक्षा (प्रति सत्र)	रु १०००/-	"	
५.५	विमोचन गरिएको विषयगत पुस्तक, झलक, योजना पुस्तकको समीक्षा (कम्तिमा १०० पेजको हुनुपर्ने)	रु. २०००/-	विज्ञबाट	
६	दैनिक भ्रमण भत्ता	जनप्रतिनिधिहरुको हकमा प्रदेश ऐन बमोजिम र कर्मचारीको हकमा भ्रमण खर्च नियमावली बमोजिम हुने । भ्रमण प्रतिवेदन अनिवार्य बुझाउनु पर्ने ।		
७	फिल्ड भत्ता/योजना अनुगमन भत्ता/प्रति दिन	रु.१,०००।-	फिल्डमा खटिई कामकाज गर्दा दिईने भत्ता फिल्डमा गरिएको माइन्यूट / प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने ।	
८	प्रशिक्षक यातायात खर्च प्रति प्रशिक्षक	वील अनुसार		
९	फिल्डमा गरिएको माइन्यूट / प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने ।	रु.१,०००।-		
१०	मुचुल्का भत्ता / प्रति मुचुल्का	रु.१,०००।-	मुचुल्का सही गर्ने प्रतिनिधिलाई मात्र यो भत्ता उपलब्ध हुने	

११	अग्नि नियन्त्रण भत्ता / प्रति पटक	रु.१,५००।-	यस नगरपालिका क्षेत्र तथा अन्य नगरपालिका वा गाउँपालिका क्षेत्रमा समेत खटिने कर्मचारीहरुलाई प्रति पटक वा दिनका आधारमा	
१२	वेवारिसे लास विसर्जन भत्ता / प्रतिलास	रु. ४,०००।-		
१३	मृत पशु चौपाया विसर्जन भत्ता / ठुला चौपाया / प्रति चौपाया	रु.१,०००।-		
१४	कुकुर लगायत साना जातका घरपालुवा जनावरहरु / प्रति चौपाया	रु. २५०।-		
१५	बकपत्र र साक्षी भत्ता/ बाँके जिल्ला भित्र प्रति पटक वा दिन प्रति व्यक्ति बाँके जिल्ला बाहिर प्रति पटक वा दिन प्रति व्यक्ति जिल्ला भित्र रु.५००।- र जिल्ला बाहिर रु.१,०००।- यातायात खर्च बाहेक बकपत्र र साक्षीका लागि दिईने दैनिक भत्ता			
१६	सहभागी स्थानीय यातायात खर्च प्रति व्यक्ति प्रतिदिन	रु. २५०।-		
१७	स्टेशनरी खर्च प्रति सहभागी बढीमा	रु.१५०।-		
१८	पानी, चिया, खाजा प्रति सहभागी प्रतिदिन बढीमा	रु. १५०।- देखि रु. २५०।- सम्म		
१९	सहभागी खाना/ प्रति व्यक्ति/ प्रति छाक	सादा रु.२००।-		
२०	सहभागि खाना/ प्रति व्यक्ति / प्रति छाक मासु खाना	रु. ४५०।-		
२१	इन्धन सुविधा / प्रति महिना- कार्यालय प्रमुख	१५० लि.		
२२	इन्धन सुविधा / प्रति महिना- नगर प्रमुख	२०० लि.		
२३	इन्धन सुविधा / प्रति महिना- उपप्रमुख	१५० लि.		
२४	इन्धन सुविधा / प्रति महिना - शाखा प्रमुख, अधिकृत स्तरका कर्मचारीहरु तथा प्राविधिक फाँटका कर्मचारीहरु	१० देखि १५ ली.	प्रति महिना-सवारी साधन भएका कर्मचारीहरुलाई मात्र प्रदान गरिने र लगबुक अनिवार्य रुपमा पेश गर्नु पर्ने	
२५	अन्य सहायक कर्मचारीहरु, वडा सचिव र चिठ्ठी पत्र पुरयाउने कर्मचारीहरुलाई / प्रति महिना- लगबुक अनिवार्य	५ देखि १० लिटर		
२६	सञ्चार सुविधा / मासिक रुपमा- प्रमुख प्रशासकीय अधिकृत	रु.२,५००।-		
२७	लेखा अधिकृत/ मासिक	रु.१,५००।-		
२८	सुचना अधिकारी/ मासिक	रु.१,०००।-		

लट बहादुर रावत
नगर प्रमुख

२९	योजना तथा अनुगमन उपशाखा प्रमुख, राजश्व शाखा प्रमुख,वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख, मेलमिलापकर्ता संयोजक/प्रति महिना	रु.५००।-		
३०	आवास, सुविधा / मासिक- प्रमुख प्रशासकीय अधिकृत, अधिकृत दशौं तहका शाखा प्रमुख, लेखा अधिकृत, प्रमुख इन्जिनियर र अन्य कर्मचारी			
३१	प्राविधिक फिल्ड भत्ता			
३१.१	प्रमुख इञ्जिनियर / सातौं तह / मासिक	रु. ८०००।-		
३१.२	इन्जिनियर / छैठौं तह / मासिक	रु. ६०००।-		
३१.३	सब-इन्जिनियर / पाँचौं तह / मासिक	रु. ५,०००।-		
३१.४	ओभरसियर / चौंथो तह / मासिक	रु. ४०००।-		
३२	नगरपालिकाका लागि पुस्तक / योजना / नीति / कार्यविधि / प्रोफाइल / तालिम प्याकेज / ब्रोसर / तथ्यपत्र / स्थिति प्रतिवेदन/ झलक / न्यूजलेटर / लेख रचना / छापाका सामग्रीहरुको लेखन			
३२.१	मस्यौदा लेखन पारिश्रमिक - प्रकाशित सामग्रीको प्रतिपृष्ठ	रु. ५००।-	नेपाली भाषामा प्रिति फन्टमा १४ पोइन्ट र अङ्ग्रेजीमा Times new Roman फन्टमा १२ पोइन्ट । लाइन स्पेस १.५ सम्मको ।	
३२.२	भाषा सम्पादन प्रतिपृष्ठ	रु. १००।-		
३२.३	विषयवस्तु सम्पादन प्रतिपृष्ठ	रु. १००।-		
३२.४	टाइपिङ तथा लेआउट, डिजाइन	रु. १००।-		
३२.५	सामग्रीको संयोजन तथा अन्तिमीकरण	रु. २,०००/-	एक मुस्ट	
३२.६	रङ्गिन कभर डिजाइन	रु. २,०००।-	डिजाइनरलाई	
३३	तथ्याङ्क विवरण इन्ट्री, रुजू र-प्रमाणित कार्य			
३३.१	विवरण इन्ट्री	रु. १५।-	(एक्सेलमा प्रति row १० कोलम सम्म, १० कोलमभन्दा बढी भए रु २० / डिजिटल फाराम भए प्रति फाराम रु १०)	
३२.२	विवरण रुजू	रु. १०।-	"	
३२.३	विवरण प्रमाणित	रु. ५।-	"	
३३	प्रश्नपत्रका लेखन, परिमार्जन (मोडरेसन), उत्तर पुस्तिका परीक्षण र समपरीक्षण		नेपाली र अङ्ग्रेजी दुवै भाषामा प्रश्नपत्र निर्माण र मोडरेसन गर्नुपरेमा तोकिएको पारिश्रमिकमा	
३३.१	वस्तुगत प्रश्न निर्माण (प्रति प्रश्न)	रु. १५०।-	सफ्ट तथा हार्डकपी पेस गर्नुपर्ने	
३३.२	वस्तुगत प्रश्न मोडरेसन (प्रति प्रश्न)	रु. १००।-	मोडरेसन गरेको प्रश्नको खेस्रा संलग्न हुनुपर्ने	
३३.३	विषयगत प्रश्न निर्माण (प्रति प्रश्न)	रु. १००।-	सफ्ट तथा हार्डकपी पेस गर्नुपर्ने	
३३.४	विषयगत प्रश्न मोडरेसन (प्रति प्रश्न)	रु. ७५।-	मोडरेसन गरेको प्रश्नको खेस्रा संलग्न हुनुपर्ने	

लुट बहादुर रावत
नगर प्रमुख

लुट बहादुर रावत
नगर प्रमुख

३३.५	केस स्टडीमा आधारित लामा विषयगत प्रश्नहरुको निर्माण (प्रति प्रश्न)		शुद्धि-हार्डकपी पेस गर्नुपर्ने	
३३.६	केस स्टडीमा आधारित लामा विषयगत प्रश्नहरुको मोडरेसन (प्रति प्रश्न)	रु. १००।-	मोडरेसन गरेको प्रश्नको खेस्रा संलग्न हुनुपर्ने	
३३.७	वस्तुगत उत्तर पुस्तिका परीक्षण (प्रति	रु २०/-		
३३.८	विषयगत उत्तर पुस्तिका परीक्षण (प्रति	रु १००/-		
३३.९	वस्तुगत उत्तर पुस्तिका समपरीक्षण	रु १०/-		
३३.१०	विषयगत उत्तर पुस्तिका समपरीक्षण	रु ५०/-		
३३.११	प्रश्नपत्रको अन्तिमीकरण र गोप्य छपाइ र सिलवन्दी (प्रति विज्ञापन)	रु ३०००/-	संयोजक १ जना	
		रु २०००/-	सहायक कर्मचारी १ जना	
		रु ५००/-	कार्यालय सहयोगी १ जना	
३३.१२	वस्तुगत उत्तरको प्राप्ताङ्क तालिकाको	रु ५/-	प्रति प्रश्न	
३३.१३	विषयगत उत्तरपुस्तिका प्राप्ताङ्क तालिकाको को रुजू	रु ५/-	प्रति प्रश्न	
३४	कर्मचारी छनौट परीक्षा सञ्चालन		सार्वजनिक विदाका दिनमा परीक्षा भएमा तोकिएको दरमा ५० प्रतिशत थप पारिश्रमिक दिने	
३४.१	परीक्षा सुपरीवेक्षक	रु १४००/-	१ जना प्रति विज्ञापन	
३४.२	परीक्षा केन्द्राध्यक्ष	रु १२००/-	१ जना प्रति विज्ञापन	
३४.३	सहायक केन्द्राध्यक्ष	रु १०००/-	प्रति केन्द्र २ जना	
३४.४	परीक्षा निरीक्षक	रु५५०/-	२० जना परीक्षार्थी बराबर १	
३४.५	सहयोगी कर्मचारी	रु२००/-	प्रति केन्द्र २ जना	
३४.६	प्रयोगात्मक परीक्षा (दक्षलाई)	रु ७५०/-	प्रति शिफ्ट । परीक्षा स्थलमै अङ्क दिनुपरेमा २५ प्रतिशत	
३४.७	सवारी चालकको प्रयोगात्मक परीक्षा (दक्षलाई)	१०००/-	१ जना प्रति दिन	
३४.७.१	कार्यालय सहायक	५००/-	१ जना प्रति दिन	
३४.७.२	कार्यालय सहयोगी	रु२००/-	१ जना प्रति केन्द्र	
३४.८	कोडिङ र डिकोडिङ दुवै	रु ५/-	प्रति उत्तर पुस्तिका	
३५	कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा सञ्चालन			
३५.१	परीक्षा केन्द्राध्यक्ष	रु ५००/-	प्रति शिफ्ट १ जना	
३५.२	सहायक केन्द्राध्यक्ष	रु ४००/-	प्रति शिफ्ट २ जना	
३५.३	परीक्षा निरीक्षक	रु३००/-	२५ जना परीक्षार्थी बराबर १	
३५.४	सहायक कर्मचारी	रु १००/-	प्रति शिफ्ट २ जना	
३५.५	परीक्षा मसलन्द (प्रति तह कक्षा)	रु २०००/-	एकमुस्ट	
३५.६	उत्तर पुस्तिकाको कोडिङ डिकोडिङ	रु २/-	प्रति उत्तर पुस्तिका	
३५.७	कक्षा ५ र ८ को उत्तर पुस्तिका परीक्षण (प्रति उत्तरपुस्तिका)	रु २०/-	कक्षा ८ प्रति विषय पूर्णाङ्क १००	
		रु १५/-	कक्षा ८ प्रति विषय पूर्णाङ्क ५०	
		रु १०/-	कक्षा ५ प्रति विषय (पूर्णाङ्क	
		रु ८/-	कक्षा ५ प्रति विषय (पूर्णाङ्क ५०)	

लुट बहादुर रावत
नगर प्रमुख

३५.८	विद्यालयबाट हुने वार्षिक मूल्याङ्कन समितिको बैठक (नगरपालिकाको कार्यविधिले तोकेको तहगत समिति अनुसार)	रु.१५०।-	यातायात खर्च बढीमा ४ दिनको	
३५.९	समष्टिगत प्राप्ताङ्क विवरण तयारी, (रुजू र प्रमाणित समेत)		कक्षा ८ को रु ८००/- र कक्षा ५ को र ५००र	
३५.११	प्रश्नपत्र निर्माण (कक्षा ८)	रु ४०/-	प्रति आइटम (पाठ्यक्रमको ग्रीड अनुसार सफ्ट र हार्डकपी दुवै पेस गर्नुपर्ने ।)	
३५.१२	प्रश्नपत्रको मोडरेसन (कक्षा ८)	रु २०/-		
३६.१३	प्रश्नपत्र निर्माण (कक्षा ५)	रु ३०/-		
३६.१४	प्रश्नपत्रको मोडरेसन (कक्षा ५)	रु १०/-		
३६.१५	नगर स्तरीय परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन समितिको बैठक भत्ता र खाजा खानाको खर्च (आमन्त्रित सदस्य तथा अन्य उपस्थितिमा शिक्षा शाखाका कर्मचारीहरु रहन सक्ने)	रु.१०००।-	न.पा.को नर्म्स अनुसार	

निर्णय नं. ४१

हाल नेपालमा फैलिएको कोभिड-१९ रोगको दोस्रो लहरको संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नगरपालिकालाई प्रत्यक्ष रुपमा नगद तथा जिन्सी सहयोग प्रदान गर्नु हुने सम्पूर्ण व्यक्ति, संघ-संस्थाहरु, उद्योगी व्यवसायीहरु, समाजसेवीहरु, सहकारी लगायत सम्पूर्ण दाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२

हाल नेपालमा फैलिएको कोभिड-१९ रोगको दोस्रो लहरबाट नगरवासीहरुलाई सुरक्षित राख्न तथा संक्रमित भएका नगरवासीहरुको स्वास्थ्य उपचार र स्वास्थ्य सेवा प्रवाहका लागि अहोरात्र खटिएका चिकित्सक, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी लगायत सम्पूर्ण नगरवासीहरुको योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४३

यस नगरपालिका क्षेत्रमा फैलिएको कोभिड-१९ रोगको दोस्रो लहरबाट सङ्क्रमित भै मृत्युवरण गरेका सम्पूर्ण नगरवासीको मृतआत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो । साथै मृतकका आश्रित परिवारजनलाई राज्यका तर्फबाट प्रदान गरिने राहत अनुदान लगायत अन्य सहयोगका लागि प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४

यस नगरपालिका क्षेत्रमा फैलिएको कोभिड-१९ रोगको दोस्रो लहरबाट संक्रमित भै स्वास्थ्य उपचार गरिरहेका सम्पुर्ण नगरवासीको सिघ्र स्वास्थ्यलाभको कामना गर्दै स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन र भावी दिनमा आउन सक्ने संभावित तेस्रो लहरबाट नगरवासीहरुलाई सुरक्षित राख्नका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

लूट बहादुर रावत
नगर प्रमुख

निर्णय नं. ४५

यस नगरपालिकामा करार सेवामा अन्तरगत तपसिलको पदमा कार्यरत कर्मचारीहरुलाई उनीहरुले सम्पादन गर्ने कार्यबोझ तथा कार्यसम्पादनको आधारमा निजहरुले हाल खाईपाई आएको तलब सुविधा एकदमै न्यून भएको हुँदा निजहरुलाई वर्तमान परिवेश तथा मंहगीलाई समेत मध्येनजर गर्दै देहाय बमोजिमको तलब सुविधा यही २०७८ साल साउन महिनादेखि प्रदान गर्ने गरी कामकाजमा खटाउने निर्णय बहुमतबाट पारित गरियो ।

तपसिल :

क्र.स.	कर्मचारीहरुको नाम थर	कार्यरत पद	खाईपाई आएको तलब सुविधा	थप गरिएको मासिक तलब सुविधा	कैफियत
१	गंगा शाही	मेलमिलाप संयोजक	१८,०००।-	२२,५००।-	
२	डोङ्गाली थारु	मेलमिलाप संयोजक	१८,०००।-	२२,५००।-	
३	बाल कुमारी भुसाल	सामाजिक परिचालक	१५,०००।-	२२,५००।-	
४	माया गुरुङ	सामाजिक परिचालक	१५,०००।-	२२,५००।-	

निर्णय नं. ४६

यस नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गामा कुनै व्यक्ति तथा संघसंस्थाहरुको नाममा अतिक्रमण गरी बसेको वा भोगचलन गरे वा गराइएको पाइएमा उक्त जग्गाबाट ती व्यक्ति वा संस्थाहरुलाई हटाई अतिक्रमणमुक्त बनाउने र उक्त सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गर्ने निर्णय बहुमतबाट पारित गरियो ।

निर्णय नं. ४७

कुनै व्यक्ति तथा संघसंस्थाहरुको नाममा दर्ता स्रेस्ता कायम भएको जमिनमा कुनै व्यक्तिबाट भोगचलन वा अतिक्रमण भएको भए उक्त जमिन अतिक्रमण मुक्त व्यक्ति वा संस्थाहरुलाई हटाई अतिक्रमणमुक्त बनाउने र उक्त सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गर्ने निर्णय बहुमतबाट पारित गरियो ।

निर्णय नं. ४८

कोहलपुर नगरपालिका वडा नं.११ स्थित लोकनगरमा रहेको सार्वजनिक जग्गामा २०६५ साल फाल्गुन १६ गतेका दिन तत्कालीन भूमि सुधार व्यवस्था मन्त्रालय, मुक्त कमैया पुर्नस्थापना समिति, बाँकेले ८३७ परिवार मुक्त कमैयाका लागि जग्गाधनी प्रमाण पूर्जा वितरण गरेकोमा सो स्थानमा सो समितिले स्थलगत अनुगमन नगरी पहिलेदेखि नै उक्त जग्गामा बसोबास तथा भोगचलन गरी बसोबास गरिरहेका करिब २०० (दुईसय) घर धुरीको जग्गाको जग्गा धनी प्रमाण पूर्जा मुक्त कमैया परिवारको नाममा दर्ता स्रेस्ता कायम भएको हुँदा उक्त जग्गाको दर्ता स्रेस्ता बदर गरी लागत कट्टा गर्न र पहिले देखि बसोबास गरिरहेका परिवारलाई जग्गाको स्वामित्व प्रदान गर्न जिल्ला प्रशासन कार्यालय, बाँके, भूमि सुधार तथा मालपोत कार्यालय, बाँके, जिल्ला नापी कार्यालय, बाँके र नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय पारित गरियो । साथै वडा तथा नगरपालिकाबाट लिइने सेवा शुल्क तथा अन्य कर लिई उक्त बस्तीमा सेवा सुविधा प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४९

कोहलपुर नगरक्षेत्रमा सञ्चालनमा रहेका अटोरिक्साहरुको पार्किङ्ग शुल्क प्रति अटोरिक्सा प्रतिदिन रु.१५।- (बिस रुपैयाँ) निर्धारण गर्ने निर्णय गरियो । साथै अटो रिक्साको शुल्क संकलनका लागि सूचना प्रकाशन गर्ने निर्णय बहुमतबाट पारित गरियो ।

लुट बहादुर रावत
नगर प्रमुख

निर्णय नं. ५०

यस नगरपालिकालाई आ.व. २०७८/०७९ मा सङ्घीय सरकार शसर्त अनुदान अन्तर्गत प्राप्त भएको "गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम-मेड्पा " को सम्पुर्ण बजेट कार्यक्रम सञ्चालनमा खर्च गर्ने र नगरपालिकाको तर्फबाट उद्यम विकास सहजकर्ताहरुको तलब भत्ता उपलब्ध गराउने निर्णय बहुमतबाट पारित गरियो ।

निर्णय नं. ५१

यस नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई काममा उत्प्रेरणा जगाउन तथा उनीहरुको मनोबलमा वृद्धि गरी नगरपालिकाको समग्र कार्यसम्पादनमा प्रभावकारीता वृद्धि गर्न आ.व. २०७८/०७९ मा स्वीकृत मासिक तलब स्केलको १५% (पन्ध्र प्रतिशत) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ५२

सविक चटार गा.वि.स.वडा नं.०८ -क_ को कित्ता नम्बर २१७ ,२१८, २१९, २२०, २२१, २२२, २२३, २२४, २२५ र २२६ सार्वजनिक ऐलानी प्रति जग्गा हाल कोहलपुर नगरपालिका वडा नं.०८ गोल्छको जग्गासँगै पूर्वउत्तरको उक्त कित्ता नं. को जग्गामा डम्मर पुन, कलसिंग वली, खुम बहादुर खत्री लगायतका २७ घरपरिवारले विगत २५ वर्षदेखि घरवास बनाई जोतभोग गर्दै आइरहेकोमा उक्त जग्गा तत्कालिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रिय कार्यालय, टङ्गालको लिखित आदेश अनुसार मिति २०६७/०७/२४ गतेको निर्णय बमोजिम जिल्ला मालपोत कार्यालय, बाँकेले उक्त कि.नं. का जग्गाहरुको अवस्था, कसैको भोगचलन वा घरवास भए नभएको स्थलगत निरिक्षण, सम्बन्धीत साँध संघियार, गा.वि.स. तथा वडामा समेत नबुझी नेपाल सरकारको नाममा जग्गा धनी प्रमाण पूर्जा तयार गरी जिल्ला प्रशासन कार्यालय, बाँकेमा बुझाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय, टङ्गालमा जानकारी गराएको भन्ने बुझिएको हुँदा हाल उक्त जग्गाको कि.नं.को जग्गामा विराट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, अपाङ्ग बाल अस्पताल र २७ घरपरिवारको भोगचलन रहेको र नेपाल सरकारले गठन गरेको भूमि सम्बन्धी समाधान आयोगमा सो जमिन दर्ता सेस्ताका लागि फाराम भरी निवेदन समेत पेश गरेकोले उक्त जग्गाको दर्ता सेस्ता बदर गरी विराट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, अपाङ्ग बाल अस्पताल र भोगचलन गरिरहेका २७ घरपरिवारको नाममा नियमानुसार दर्ता गर्न नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्राल र भूमि सम्बन्धी समस्या समाधान आयोगसँग अनुरोध गरी पठाउने निर्णय पारित गरियो ।

निर्णय नं. ५३

यस कोहलपुर नगरपालिकाको नगर प्रोफाइल-२०७७, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका-२०७७ र आन्तरिक लेखापरीक्षण कार्यविधि-२०७७ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५४

यस नगरपालिकाले सञ्चालन गर्ने पुर्वाधार विकासका योजनामा उपभोगता समितिको तर्फबाट व्यहोर्नुपर्ने १५ प्रतिशत नगद लागत साझेदारीका कारणले सम्बन्धित उपभोक्ता समितिलाई काम गर्न असहज भएको हुँदा सो प्रावधानलाई संशोधन गरी आ.व.२०७८/०७९ मा उपभोक्ता समितिको लागत साझेदारी जनश्रमदानमा मात्र राख्ने र सबै योजनामा ५ प्रतिशत कन्टेन्जेन्सी कट्टा गर्ने र सो को कार्यविधी तयार गरी खर्च गर्न नगर कार्यपालिकालाई निर्देशन प्रदान गर्ने गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

हस्ता. बहादुर रावत
नगर प्रमुख

निर्णय नं. ५५

यस नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन कार्यका लागि जटायु रिसाईकल्स प्रा.लि., कोहलपुर-०९ बाँकेसँग सार्वजनिक निजी साझेदारी मोडेलमा काम गर्नका लागि भएको सम्झौता बमोजिम कोहलपुर नगरकार्यपालिकाको मिति २०७७/०५/३०गतेका दिन बसेको निर्णय अनुसार गरेको देहाय बमोजिमको दररेट तथा शुल्कलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

क.स.	विवरण	दर रेट	कैफियत
१	प्रति तला	रु.५०।- देखि रु.१००।-	प्रतितला एक चुल्हो भएमा रु.५० र सो भन्दा बढी भएमा रु.१००।-
२	रेस्टुरेन्ट/मासिक	आपसी सहमतीमा	
३	होटेल/ मासिक	आपसी सहमतीमा	
४	सरकारी विद्यालय/मासिक		
४.१	आधारभूत तह/ मासिक	रु.१००।-	
४.२	माध्यामिक तह सम्म/ मासिक	रु.१५०।-	
४.३	उच्च माध्यामिक तह/ मासिक	रु. २००।-	
५	नीजि तथा आवासीय विद्यालय/ मासिक	आपसी सहमतिमा	
६	पार्टी प्यालेस/ मासिक	आपसी सहमतिमा	
७	सरकारी कार्यालय/ मासिक	रु. ५००।-	
८	हेल्थ पोष्ट / मासिक	रु.१००।-	
९	साधारण मेडिकल / मासिक	रु. २००।-	
१०	डाक्टर सहितको मेडिकल /मासिक	आपसी सहमितमा	
११	खसी काट्ने मासु पसल/ मासिक	रु.५००।-	
१२	कुखुरा काट्ने पसल / मासिक	रु.१५०।-	
१३	माछा पसल / मासिक	रु.१००।-	
१४	बंङ्गुर मासु पसल / मासिक	रु.२००।-	
१५	सटर/ मासिक	रु.१००।-	
१६	फलफुल पसल/मासिक	रु.५०।-	
१७	मुम्फली पसल/मासिक	रु.५०।-	
१८	चाउमिन/मम पसल/मासिक	रु.५०।-	
१९	चनामटर पसल/मासिक	रु.५०।-	
२०	मकैपोल्ने पसल/मासिक	रु.५०।-	
२१	उखुरस/गन्नाको रस पसल/मासिक	रु.२००।-	
२२	आईसक्रिम बेच्ने पसल/मासिक	रु.५०।-	
२३	फलफुलको जुस निकाल्ने पसल/मासिक	रु.१००।-	
२४	मोटरसाईल मर्मत पसल/मासिक	रु.३००।-	
२५	साईकिल मर्मत पसल/मासिक	रु.१००।-	
२६	हेभी गाडी मर्मत/मासिक	रु.५००।-	
२७	टायर मर्मत पसल/ मासिक	रु.१००।-	
२८	हजाम पसल र ब्युटिपार्लर/मासिक	रु.२००।-	
२९	सिसा पसल/मासिक	रु.१,०००।-	
३०	हार्डवियर पसल/मासिक	रु.५००।-	
३१	राँगको मासु पसल/ मासिक	रु.३००।-	
३२	माथि नपरेका सबै पसल तथा व्यवसायहरु	माथीकोको आधारमा	

नगर प्रमुख

निर्णय नं. ५६

नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम न्यायिक समितिलाई आवश्यक पर्ने कानुनी सेवा र परामर्शका लागि कानुन व्यवसायीको आवश्यकता भएको हुँदा नगरपालिकामा कानुन अधिकृतको पदपूर्ति नहुन्जेल सम्मका लागि आवश्यकताका आधारमा कानुनी सल्लाहकारको सेवा, परामर्श सेवा मार्फत लिने निर्णय गरियो ।

निर्णय नं. ५७

कोहलपुर नगरपालिकाको **"संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey)"** बमोजिम आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन तथा पदपूर्ति गर्ने र यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले सम्पादन गर्ने कामको आधारमा वैज्ञानिक र व्यवस्थित कार्य विवरण (TOR) तयार गरी लागू गर्ने निर्णय गरियो । साथै नगरपालिकाबाट सम्पादन हुने सम्पूर्ण कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसँग तथा विषयगत शाखा, शाखा, वडा सचिव र विषयगत निकायका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन सम्झौता गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ५८

नगरपालिकाको कार्यसम्पादनको क्रममा नगरपालिकाको कर्मचारीहरुलाई नियमानुसार आदेश भए बमोजिम कार्यसम्पादन गर्दा आउन सक्ने मुद्धा मामिलामा प्रतिरक्षा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९

यस नगरपालिकाले नगर कार्यपालिकाको कार्यालय र १५ वटै वडाहरुमा विगत वर्षदेखि स्थानीय सेवा प्रदायक संस्था वातावरण तथा ग्रामिण विकास केन्द्र, कोहलपुर मार्फत सञ्चालनमा रहेको हेल्पडेस्क कार्यक्रम उक्त सेवा प्रदायक संस्थाले सन्तोषजन रुपमा संचालन गरेको हुँदा आ.व. २०७८/०७९ मा सोही सेवा प्रदायक संस्थासँग सम्झौता गरी कार्यक्रम संचालन गर्ने निर्णय बहुमतबाट पारित गरियो ।

निर्णय नं. ६०

कोहलपुर नगरपालिकाको नवौं नगरसभालाई सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्न हुने सभाध्यक्षज्यू, उपाध्यक्षज्यू, सबै नगर सभाका सभासद्ज्यूहरु, विषयगत समिति, नागरिक समाज, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु, उद्योगी व्यापारीहरु, गैरसरकारी संस्थाहरु र नगरसभालाई सफल पार्न अहोरात्र खटिने नगरपालिकाका कर्मचारीहरु, विभिन्न विषयगत कार्यालयवाट यसन.पा.मा काममा खटिएर रचनात्मक सुझाव दिने कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

लुट बहादुर रावत
नगर प्रमुख